# जापानको ओकिनावामा दादुराको महामारी

अप्रिल ५, २०१८ ओकिनावा प्रान्तले 'तेस्रो स्तरीय' आपतकालिन स्थितीको दादुरा फैलिएको सुचना जारी गरेको छ।

**परामर्श लिने स्थान: नजिकैको स्वास्थ्य केन्द्र(होकेन्जियो)**

**अस्पताल जानु अगाडि अनिवार्य रुपमा फोन गरौं !**

सुचना सम्प्रेसक: विश्वव्यापी चिकित्सा राष्ट्रिय अनुसन्धानको केन्द्र
DCC अन्तराष्ट्रिय सरुवा रोग नियन्त्रण कार्यालय
info-dcc@hosp.ncgm.go.jp

## के तपाई ओकिनावाबाट फर्के पछि विसञ्चो हुनुहुन्छ ?

「दास्रो चरणको दादुराको खोप」 लगाउनु भएको छैन भने दादुराको विषाणुले संक्रमण गरी दादुरा लाग्न सक्छ।

ओकिनावाबाट फर्के पछि, सञ्चो नभएर, अस्पताल वा क्लिनिकमा जचाउँन जाँदै हुनुहुन्छ भने, अनिवार्य रुपमा फोन गरेर मात्रै जाऔं।

फोन नगरी जाँदा, चिकित्सकसँग भेट हुनु अगावै प्रतिक्षालयमा कुरिरहँदा त्यहाँ भएका अरु मानिसहरु लाई रोग लाग्ने जोखिम हुन्छ।



《लक्षणहरु》

प्रारम्भिक लक्षणहरु : रुगा लागेको जस्तो लक्षणहरु देखिन्छन्।

जस्तै नाकबाट पानी बग्ने, खोकी लाग्ने, कमजोरी हुने, आखाँ रातो भई आँशु बग्ने

त्यस पछि देखिने लक्षणहरु :

उच्च ज्वरो आउने, छालामा रातो फोका फोका आउने





## आफुलाई दादुराको खोप दिईएको छ कि छैन सुनिक्ष्चित गरौं।

「खोप नलगाएका」

「खोप लगाएको थियो वा थिएन थाहा नभएका」

「दादुरा भएको थियो वा थिएन थाहा नभएका」 मानिसहरु हुन्छन्।

दादुरा लागेका मानिससँग सम्पर्कमा आएको खण्डमा विद्यालय वा कार्यालय बिदा लिनुपर्ने हुन्छ। खोपको आवश्यक मात्रा नलगाएको अवस्थामा खोप लगाऔं। कार्यालय वा विद्यालयको जिम्मेवार अधिकारी तथा स्थानीय स्वास्थ्य केन्द्रमा (होकेन्ज्यो) सम्पर्क गरि सल्लाह लिनुहोस्।

रोग सर्ने सिलसिला





पहिलो चरण

दास्रो चरण